# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ
कोशी प्रदेश
नेपाल

स्थानीय राजपत्र

खण्डः ८ संख्याः मितिः २०८१/०८/२४

भाग-२

# कृषि पशुपंक्षी सँग सम्बन्धित लघु उद्यमीलाई ऋणको व्याज अनुदान कार्यविधि, २०८१

## कृषि, पशुपन्छी सँग सम्बन्धित लघु उद्यमीलाई ऋणको व्याज अनुदान कार्यविधि, २०८१

प्रस्तावना:- कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरुलाई नगरक्षेत्र भित्र रोजगारीका अवसरहरु सिर्जना गर्न,विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सिप र व्यवसायिक दक्षता उपयोग गर्दै उनिहरुलाई स्वरोजगार बनाउन, उद्यमशील क्षमताको विकास गर्न, परम्परागत सिप र पेशालाई आधुनिकिरण एवम् प्रवर्द्धन गरी आर्थिक रुपमा विपन्न सिमान्तकृत समुदाय तथा लक्षित वर्गका उद्यमीहरुलाई सहुलियपूर्ण कर्जाको लागि व्याज अनुदान उपलब्ध गराउन वाञ्छनीय देखिएकोले यो कार्यविधि तयार गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ:-

(क)यो कार्यविधिको नाम "कृषि,पशुपन्छी र लघु उद्यमीलाई ऋणको व्याज अनुदान कार्यविधि २०८१" रहनेछ।

(ख) यो हलेसी तुवाचुङ नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२.परिभाषा :- विषय वा प्रसङगले अर्को अर्थ नलागेमा ,यस कार्यविधिमा:-

(क) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिका सम्झनु पर्छ ।

(ख) "वडा कार्यालय" नगरपालिकाको वडा स्थित कार्यालयलाई सम्झनु पर्छ।

(ग) "आर्थिक विकास समिति" भन्नाले नगरपालिकाले नियमानुसार गठन गरेको आर्थिक विकास समिति सम्झनुपर्छ।

(घ) "कृषि शाखा" भन्नाले नगरपालिकाको कृषि शाखा सम्झनु पर्छ।

(ङ) "पशुसेवा शाखा" भन्नाले नगरपालिकाको पशुसे वा शाखा सम्झनुपर्छ।

(च) "फर्म" भन्नाले गरपालिकामा नियमानुसार दर्ता भई नगरपालिका भित्र सञ्चालन भइरहेको कृषि, पशुपन्छी र लघु उद्यमीसँग सम्वन्धित फर्म भन्ने सम्झनुपर्छ ।

(छ) "कार्यक्रम" भन्नाले नगरपालिकाबाट स्वीकृत कृषि,पशुपन्छी र लघुउद्यमी सँग सम्वन्धित फर्ममा संचालित कार्यक्रम सम्झनुपर्छ ।

(ज) "साझेदार" भन्नाले कार्यक्रम सञ्चालनमा नियमानुसार सहभागि भएका/तोकिएका संघ संस्था/कार्यालय भन्ने सम्झनु पर्छ ।

(झ) "स्थायी नागरिक" भन्नाले नगरपालिका भित्र स्थायी रुपमा बसोबास गरी आएका स्थायी नागरिक भन्ने सम्झनुपर्छ।

(ञ) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक सम्झनुपर्छ।

ट) "ऋणी" भन्नाले अनुदान लिने फर्म तथा त्यसको सञ्चालकलाई सम्झनुपर्छ।

ठ) "व्यवसाय" भन्नाले कृषि, पशुपन्छी र लघु उद्यमीसँग सम्बन्धित व्यवसाय सम्झनु पर्छ।

ड) "व्यवसायी" भन्नाले कृषि, पशुपन्छी र लघु उद्यमी सँग सम्वन्धित व्यवसाय संचालन गर्ने व्यक्ति सम्झनु पर्छ।

ढ) "लघुउद्यम" भन्नाले बढीमा ५० लाख रूपैंया सम्मको स्थिर पूँजी रहेको उद्यमी स्यम् उद्योगको संचालन व्यस्थापनमा सम्लग्न रहेको उद्यमी समेत बढीमा ९ जनासम्म कामदार रहेको वार्षिक

कारोबार १ करोड भन्दा कम रहेको र इन्जिन, उपकरण मेसिनको प्रयोग गरेको भएमा इन्जिन,उपकरण मेसिनमा खपत हुने विद्युतीय उर्जा वा अन्य तेल इन्जिनको क्षमता २० किलो वाट सो भन्दा कम रहेकोलाई सम्झनुपर्छ।

३. ऋणको ब्याज अनुदान क्षेत्रहरुः

नगरपालिकाले देहायका क्षेत्रमा काम गरिरहेका/ गर्न चाहने फर्महरुलाई ऋणको ब्याज अनुदान प्रदान गर्नेछ।

(अ) कृषि त र्फ

क) तरकारीखेती (नगदेवाली)

ख) बिरुवा उत्पादन नर्सरी

ग) फल/फू ल खेती

घ) मौरीपालन,

ङ) बीउ उत्पादन तथा बिउ भण्डारण

आ) पशुपन्छी तर्फ

क) पशु पन्छी पालन

ख) माछापालन

ग) घाँस खेती र घाँसको बीउ उत्पादन

घ) डेरी सञ्चालन

ङ) मासु जन्य र दुध जन्य उत्पादन

इ) लघु उद्यमी तर्फ

क) ढाका/ खाडी बुनाई

ख) अचार बनाउने

ग) सिलाई कटाई

घ) जुता बनाउने कार्य

ङ) टपरी र कागजका सामाग्री निर्माण

च) बांस,निगालो नर्कटबाट निर्माण गरीने सामाग्री

छ) धुप निर्माण

ज) साबुन बनाउने काम

झ) सजावटको सामाग्री निर्माण (फूलहरु,डल,कुसन,खोस्टा र कागजका सामाग्री।

ञ) स्थानीय उत्पादनको प्याकेजिङ, प्रशोधन, ब्राण्डिङ र बजारीकरण

ट) बेकरी

ठ) परम्परागत ( रैथाने खाना/खाजा) खानाको परिकार बनाउने होटल होमस्टे

४. <u>ऋणको व्याज अनुदान कार्यक्रममा समावेश हुने मापदण्डहरु:</u>

दफा (३) मा उल्लेखित क्षेत्रहरु मध्ये कुनै क्षेत्रमा व्याज अनुदानका लागि समावेश गर्न देहायका आधारहरु हुनेछ :-

क) नगरपालिका वा वडा कार्यालयहरुमा फर्म दर्ता भई नियमानुसार नविकरण गरिएको हुनुपर्ने ।

ख) यो कार्यविधि लागु हुँदा दर्ता भइसकेको फर्महरुलाई मात्र चालु आ.व. मा र आगामी आ.व. हरुको हकमा एक वर्ष पुरा गरेका फर्महरु हुनुपर्ने ।

ग) व्यवसायी यस नगर क्षेत्रको स्थायी बासिन्दा हुनुपर्ने।

घ) ऋण लिन व्यसायीलाई सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको हुनुपर्नेछ ।

ङ) अनुमति लिनुपर्ने किसिमका व्यवसायले सम्बन्धित निकायबाट स्वीकृत लिएको हुनुपर्ने ।

च) कार्यक्रममा सहभागी हुने व्यवसायीले सोही प्रकृतिको व्याज अनुदान कार्यक्रममा यस अघि सहभागी नभएको स्वघोषणा गर्नुपर्ने। पहिला नै व्याज अनुदान प्राप्त गरी रहेको कृषि तथा पशुपन्छी व्यवसाय तथा उद्यमीलाई व्याज अनुदान कार्यक्रममा सहभागी गराईने छैन।

छ) पहिला नै व्याज अनुदान प्राप्त गरी रहेको कृषि तथा पशुपन्छी व्यवसाय उद्यमीलाई आधा व्याजदरमा ऋणको लागि सम्झौता भएको छनौट भएको बैङ्कलाई सिफारीस गरिने छ।

ज) व्यवसाय सञ्चालन गर्न व्यवसायको प्रकृति अनुसार आवश्यक न्यूनतम पूर्वधार भएको हुनुपर्ने ।

झ) ऋणको लागि धितो अनिवार्य हुनेछ।

ञ)उद्यमी प्रचलित कानुन बमोजिम अयोग्य नभएको हुनुपर्ने।

५. <u>ऋण प्रवाह/असुली:</u>

छनौट भएका व्यवसायहरुलाई ऋण प्रवाह देहाय बमोजिम गरिनेछ।

क) नगरपालिकाले ऋण प्रवाह/असुली प्रयोजनका लागि नगरपालिका बाट छनौट भएको बैंकसँग सम्झौता गर्नेछ र ऋण प्रवाह/असुली बैंक मार्फतहुनेछ ।

ख) ऋण प्रवाह/असुली गर्दा बैंकले आफ्नो कर्जा लगानी/असुली विधि अनुसार गर्नेछ।

ग) एकाघरका प्रति व्यवसायमा अधिकतम रू. ५,००,०००/– (पाँच लाख मात्र) ऋण प्रवाह गरिनेछ।

घ) ऋण प्रवाह गर्दा बैदेशिक रोजगारबाट फर्किएका व्यक्ति तथा एकल महिलालाई प्राथमिकता दिइनेछ।

ङ) नगरपालिका मार्फत सिफारिस भई ऋण प्राप्त गरेका उद्यमीको ऋण बापतको व्याज नगरपालिकाले भुक्तानी गरिनेछ ।

च) व्यवसायीले लिएको ऋण वापत निर्धारण भएको व्याज नगरपालिकाले बैंकलाई भुक्तानी गरिदिनेछ ।

छ) संझौता गर्ने बैंकले ऋण लगानी गरेको व्यवसायीसँग ६ महिना पछिबाट मात्र प्रथम पटक व्याजको ऋण लगाउन शुरू गर्नेछ।

ज) तोकिएको क्षेत्रमा उद्यमीलाई लगानी गरिएको रकमको व्याज नगरपालिकाबाट अधिकतम ३ वर्ष भन्दा

बढी अवधिको भुक्तानी  गरीनेछैन।

झ) बैंकले उद्यमीलाई सेवा शुल्क उद्यमी स्वयंले बेहोर्नु पर्नेछ।

ञ)  नियमित रूपमा किस्ता तिरेको उद्यमीलाई मात्र ब्याज अनुदान रकम उपलब्ध गराईनेछ।

ट) जुन प्रयोजनको लागि ऋण लिएको हो सोहि प्रयोजनमा लगानी नगरेको उद्यमीलाई ब्याज अनुदान नगरपालिकाबाट उपलब्ध गराइने छैन।

ठ) ऋण प्राप्त गरेका व्यवसायिले नियमित रूपमा व्यवसाय संचालन नगरेको पाईएमा नगरपालिकाबाट ब्याज अनुदानको रकम उपलब्ध गराईनेछैन।

ड) अनुगमन समितिबाट सिफारिस भएको ब्याज अनुदान बापतको रकम नगर कार्यपालिकाको निर्णय अनुसार तोकिएको शिर्षकबाट तोकिएको रकम बैंक संग सम्झौता भए  बमोजिम भुक्तानी गरिनेछ।

ढ) फर्म/संस्था हलेसी तुवाचुङ नगरपालिका भित्र सञ्चालन भएको हुनुपर्नेछ ।

६. कृषि पशुपन्छी  र लघु उद्यमी हरुलाई ऋणको ब्याज अनुदानको व्यवस्था

क)  कृषि पशुपन्छी  र लघु उद्यमी ब्याज अनुदान कार्यक्रममा नगरसभाको निर्णय अनुसार आश्यक बजेटको व्यवस्था  गरिनेछ। सोही शिर्षकबाट ऋणको ब्याज अनुदान रकम भुक्तानी हुनेछ ।

(ख) नगरपालिकाले ब्याज अनुदान शिर्षक रकम संझौता गरेको बैंकलाई ब्याज अनुदान प्रयोजनको निम्ति नगर        कार्यपालिकाको निर्णय अनुसार रकम उपलब्ध गराउनेछ।

(ग) बैंकले प्रत्येक ३/३ महिनामा ब्याज अनुदान सम्बन्ध विवरण नगरपालिकालाई बुझाउनु पर्नेछ ।

७. सूचना प्रकाशनः

(क)   नगरपालिकाले यस कार्यविधि स्वीकृत भएपछि पहिलो पटक ब्याज अनुदान कार्यक्रम सम्बन्धी १५ दिने सार्वजनिक सूचना जारी गनेछ।

(ख) दोस्रो पटकबाट आवश्यकताका आधारमा कार्यक्रममा सहभागी हुन इच्छुक फर्म बाट अनुसूची १ बमोजिमको फाराम भरी आवश्यक कागजात सहित दरखास्त नगरपालिकामा बुझाउनु पर्नेछ ।

(ग) उपदफा (क) बमोजिमको सूचना नगरपालिका र वडा कार्यलयको वेभसाइटमा समेत राखिनेछ।

८. सञ्चालन प्रकृया: (क) सूचना प्रकाशित भएपछि ईच्छुक फर्म बाट अनुसूची १ बमोजिमको विवरण सम्बन्धी आवश्यक कागजात नगरपालिकामा पेश गर्न सक्नेछन्।

(ख) वडा कार्यायलयले सिफारिस गरेको विवरणहरू नगरपालिकाको सम्बन्धित शाखामा पठाउनु पर्नेछ ।

(ग) उद्यमीले ऋणका लागी नगरपालिकाको सम्बन्धित शाखामा सम्पर्क गर्नुपर्नेछ।

(घ)    बैंकले यो कार्यविधि,निर्देशक समिति तथा नगर कार्यपालिकाको निर्णय,पेश भएका कागजात र कर्जा प्रवाह नियम अनुसार ऋण लगानी गर्ने/नगर्ने सिफारिस गर्नेछ।

९. <u>निर्देशक समिति गठन तथा काम , कर्तव्य तथा अधिकार</u>

१) कृषि पशुपन्छी र लघु उद्यमीलाई ऋणको व्याज अनुदान योजना तथा कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशक समिति रहनेछ।

<u>निर्देशक तथा छनौट समिति गठन देहाय बमोजिम हुनेछ।</u>

| | |
|---|---|
| क) नगर प्रमुख | -संयोजक |
| ख) नगर उपप्रमुख | - सदस्य |
| ख) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| ग) आर्थिक विकास समिति संयोजक | -सदस्य |
| ङ) उद्यम विकास सहजकर्ता | - सदस्य |
| च) बैङ्कको शाखा प्रबन्धक | -सदस्य |
| छ) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| घ) कृषि शाखा/ पशु शाखा प्रमुख | -सदस्य सचिव |

२) <u>निर्देशक तथा छनौट समितिको काम, कर्तव्य र अधिकार</u>

क) कृषि पशुपन्छी र लघु उद्यमीलाई ऋण प्रवाहको लागि आवश्यकता अनुसार फिल्ड निरीक्षण गर्ने ।

ख) सम्झौता गरिएको बैंक मार्फत उद्यमीलाई गरिएको लगानी सही सदुपयोग भए नभएको अनुगमन गरी नगर कार्यपालिका लाई सिफारिस गर्ने।

३) व्याज अनुदान योजनाको लागि फिल्ड निरीक्षण, अध्ययन अनुसन्धान तथा फिल्ड प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने दायित्व तथा जिम्मेवारी निम्न अनुसार हुनेछ।

क) कृषिसँग सम्बन्धित कार्यको लागी कृषि शाखा प्रमुख।

ख) पशुपन्छीसँग सम्बन्धित कार्यको लागि पशुसेवा शाखा प्रमुख।

ग) लघु उद्यमी सम्बन्धी कार्यको लागि आर्थिक प्रशासन शाखा प्रमुख

४) निर्देशक तथा छनौट समितिले प्राप्त फिल्ड प्रतिवेदन अध्ययन तथा विश्लेषण गरी व्याज अनुदानको लागि तोकिएको बैंकसंग सम्झौता गर्न नगर कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ।

५) नगर कार्यपालिकाको निर्णय अनुसार सम्बन्धित कृषि पशुपन्छी र लघु उद्यमीलाई बैङ्क ऋणको व्याज अनुदान सम्झौता भएको बैङ्क मार्फत दिईनेछ।

१०. <u>सहयोग गर्नुपर्ने</u>:- यस कार्यविधि बमोजिम व्याज अनुदानमा कार्यक्रममा आवश्यक सहयोग गर्न सम्बन्धित सबैको कर्तव्य हुनेछ।

११. <u>कार्यविधि संशोधन गर्न सक्ने</u>: नगर कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधि संशोधन गर्न सक्नेछ।

१२. <u>बाधा अड्काउ फुकाउने</u>: नगर कार्यपालिकाले यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा आइपरेमा बाधा अड्चन फुकाउन सक्नेछ।

१३.यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमिजम हुनेछन् ।

अनुसुची १

हलेसी तुवाचुङ नगरपालिका

ब्याज अनुदानमा कृषि, पशुपन्छी र

लघु उद्यमी आवेदन फाराम

क. फर्म/उद्यमीको विवरण: १. फर्म

उद्यमीको नाम:

२. ठेगाना: ३. सम्पर्क नं.:

४. प्यान/भ्याट नं.:

५. नगरपालिकामा दर्ता भएको मिति: ६.नविकरण भएको अन्तिम मिति:

७. मुख्य उत्पादन वा सेवाहरु:

८. संचालकहरुको नाम थर र स्थायी ठेगाना:

९. कुल लगानी: १०.प्रत्यक्ष वा अप्रत्यक्ष कामदार संख्या:

ख.ऋणीको विवरण

११. नाम थर: १२. स्थायी ठेगाना:

१३. जातजाति: १४.लिङ्ग:

१५. जन्ममिति: १६. सम्पर्क नं.:

१७. नागरिकता नं. : १८. नागरिकता जारी मिति र जिल्ला

ग. अन्य विवरण:

(क)फर्म/व्यवसायको विमा गर्नु भएको छ वा छैन:-

(ख) कुनै संघ/संस्थाबाट ब्याज अनुदान लिनु भएको छ वा छैन:-

(ग) फर्म सञ्चालन गर्न नगरपालिका बाहेक अन्य कहाँ दर्ता गर्नु भएको छ:-

(घ) फर्मका लागि आवश्यक पूर्वाधार के के छन:-

(ङ) के प्रयोजनका लागि ऋण अनुदान लिन खोज्नु भएको हो:-

माथि उल्लेखित विवरणहरु सत्य भएको व्यहोरा प्रमाणित गर्दछु।

हस्ताक्षर

आवेदकको पुरा नाम:

सम्पर्क नम्बर:

मिति:

स्वघोषणाः

यस अघी मैले यस फर्म/उद्योग बाट नेपाल सरकार तथा नेपाल सरकारको मातहतमा रहेको संघ संस्था बाट कुनै पनि अनुदान लिएको छैन। म कुनै पनि आर्थिक कारोवारमा कालो सूचीमा परेको छैन। कुनै पनि आर्थिक हिनामिनामा संलग्न छैन। बैंकको नियम बमोजिम धितो जमानत दिई ऋणको किस्ता तिर्न नसकी कानुन बमोजिम लिलाम भएमा सो कार्यको जवाफदेही म तथा फर्म स्वयम् हुनेछ। मैले जे उदेश्यको लागि ऋण लिएको छु सोही उदेश्यमा लगानी गर्नेछु। अन्यथा नेपाल सरकारको ऐन नियम साथै कृषि,पशुपन्छी र लघु उद्यमीलाई ऋणको व्याज अनुदान कार्यविधि, २०८१ बमोजिम सजाय भएमा मेरो मन्जुरी छ भनी स्वघोषणा पेश गर्दछु।

आज्ञाले

कैलास बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत